म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७१ बुधबार २३ असोज २०८१ ने. सं. ११४४ कौलाथ्व 9 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## इन्द्रसरोबरमा लिसा हिमालयन इभिद्वारा राहत वितरण

हेटौंडा, २२ असोज/लिसा हिमालयन इभि र हेटौंडा-११ स्थित दिगो विकासका लागि एकता नेपालले मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको बाढीपीडितलाई राहत उपलब्ध गराएको छ ।

असोज ११ र १२ गतेको भारी वर्षासँगै आएको बाढी पहिरोले जनधनको क्षतिलाई मध्यनजर गर्दै गाउँपालिका भित्रका ६० घरपरिवारलाई आवश्यक खाद्यान्नलगायत सामग्री वितरण लिसा हिमालयन इभिले उपलब्ध गराएको हो । सोमबार पालिकालाई लिसा हिमालयन इभि र हेटौंडा-११ स्थित दिगो विकासका लागि एकता नेपालले राहत सामग्री हस्तान्तरण गरेको हो ।

पालिकालाई दाल, चामल, नुन, मसला, गुन्द्री, ब्ल्याङ्केट, सेनिटरी प्याड, साबुन, मञ्जनलगायतका सामग्री गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको उपस्थितिमा वितरण गरेको थियो ।

# अस्थायी प्रबन्ध मिलाएर खुलाइयो हेटौंडा-काठमाडौं जोड्ने सबै सडक

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ हेटौंडा र काठमाडौं जोड्ने सबै सडक सञ्चालनमा आएको छ । प्रदेश र संघीय राजधानीसमेत रहेका यी दुई सहरलाई जोड्न करिब आधा दर्जन सडक अस्थायी प्रबन्ध मिलाएर खुलाइएको हो ।

मंगलबारबाट कान्तिलोक पथ सडक खण्ड खुलेसँगै हेटौंडा-काठमाडौं आवतजावतका लागि रहेका सडक सबै खुलेका हुन् । तर, यी सडकहरु अस्थायी प्रबन्ध मिलाएर तत्कालका लागि सञ्चालनमा ल्याइएको हो । बाढीले पुल वा सडक बगाएको स्थानमा डाइभर्सन वा पहुँचमार्ग बनाएर, खोलाबाटै अस्थायी ट्रयाक खोलेर सडक सञ्चालनमा ल्याइएको छ । दीर्घकालीनरुपमा पुल निर्माण गर्नुपर्ने, सडक नै बगाएको स्थानमा नयाँ ट्रयाक खोलर वा खोलाको सतहबाट उठाएर सडक निर्माण गर्नुपर्ने छ ।

'९ दिनदेखि सडकहरु अवरुद्ध थिए । हामीले निरन्तर काम गरेर आइतबारबाट तीनवटा छोटो मार्गलाई खुलाएका छौं,' बागमतीका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्केले भने । दक्षिणकालीदेखि सिस्नेरीसम्म सानाठूला गरी ६० वटा र सिस्नेरीदेखि भैंसेसम्म ४० वटा पहिरो पन्छाएर सडक सञ्चालनमा ल्याएको मन्त्री मास्केले बताए ।

'दशैंलाई लक्षित गरेर हामीले हतारहतार अस्थायी रुपमा सडक खुलाएका हौं । दीर्घकालीन तरिकाले योजना बनाएर काम गर्छौं', मन्त्री मास्के भन्छन् ।

कान्तिलोकपथसँगै कुलेखानी-सिस्नेरी-दक्षिणकाली, कुलेखानी-फाखेल-हुमानेभन्ज्याङ-फर्पिङ, कुलेखानी-महालक्ष्मीखोला-चखेल-मातातीर्थ-क्लंकी, कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरी-थानकोट



(गणेशमान सिंह मार्ग) र हेटौंडालाई धादिङ नौबिसे हुँदै काठमाडौं जोड्ने पुरानो सडक त्रिभुवन राजपथ हेटौंडा र काठमाडौंलाई जोड्ने सबैभन्दा छोटो मार्ग हुन् ।

हेटौंडा र काठमाडौंलाई यी छोटो सडकमात्र नभई दुई लामो दुरीको सडक पनि छन् । चितवन-मुग्लिन-गल्छी-नौबिसे खण्डको पृथ्वी राजमार्ग र सिन्धुली-खुर्कोट-भकुण्डेबेशी-धुलिखेल खण्डको बिपी राजमार्ग पनि छन् । तर, यी दुवै सडक दुई राजधानी जोड्ने सबैभन्दा लामो दुरीको सडक हुन् । हाल बिपी राजमार्ग अवरुद्ध भएकाले पूर्वी नेपालका सबै सवारीसाधन मकवानपुरको त्रिभुवन राजपथ हुँदै काठमाडौं आवतजावत गरिरहेका छन् । यतिबेला नेपालका पूर्वीक्षेत्रका सबै सवारीसाधन हेटौंडा भएर यात्रा गर्नुपर्ने अवस्था छ ।

१० देखि १२ गतेसम्मको भिषण वर्षाका कारण बाढीपहिरोले हेटौंडा-काठमाडौं जोड्ने छोटा दुरीका आधा दर्जन सडकहरु अवरुद्ध बनाएको थियो । बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय, मकवानपुरको भीमफेदी गाउँपालिका, ललितपुरको बागमती गाउँपालिकाले तीनवटै सुरक्षा निकायहरु नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा सबै सडक सञ्चालनमा ल्याएका हुन् ।

नेपालीको महान चाड विजयादशमीको मुखमा सडक बिग्रँदा घर फर्किने यात्रुलाई सडक सञ्चालन भएसँगै यात्रामा सहजता भएको छ । 'बाढीपहिरोले सडक बिग्रिएको खबरपछि दशैंमा घर जान पाईंदैन की जस्तो भएको थियो । ९-१० दिनसम्म लगाएर भएपनि राज्यका विभिन्न निकायले सडक सुचारु गरेका छन् । दशैंमा घर आउन पाइयो त्यही खुशी छौं' काठमाडौंबाट हेटौंडा ओर्लिनासाथ राजकुमार पौडेलले सुनाए । उनले सडक सञ्चालन गर्न वैकल्पिक उपायहरु अपनाइए पनि छिट्टै दीर्घकालीन योजना बनाएर काम गर्न सरकारसँग अनुरोध गरे ।

मंगलबार मकवानपुर र ललितपुर जोड्ने बगुवाको बागमती पुलमा अस्थायी सडक बनाएर कान्तिलोकपथ सञ्चालनमा ल्याइएको छ । यससँगै हेटौंडा र काठमाडौंलाई जोड्ने आधा दर्जन मार्ग सबै सञ्चालनमा आएका हुन् । १२ असोजको बाढीले बागमती पुलको आधा भाग बगाएको थियो । कान्लिोकपथ ललितपुरतर्फको सडक यसअघि नै सुचारु भए पनि बागमती खोलामा पुल बगाएकाले कान्तिलोकपथ अवरुद्ध थियो ।

द्रुतमार्ग निर्माण गरिरहेको नेपाली सेनाको सहयोग लिएर मकवानपुरको भीमफेदी गाउँपालिका र ललितपुरको बागमती गाउँपालिकाले बगुवामा ४ वटा ह्युमपाइप हालेर अस्थायी सडक बनाएका छन् । भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाले मंगलबार बिहानबाट हलुका सवारी चल्न थालेको जानकारी दिए । बागमती गाउँपालिकाका स्थानीय प्रकाश लामाका अनुसार त्यहाँनेर सडक साँघुरो र एकतर्फी भएकाले हलुका सवारी मात्रै सञ्चालन गरिएको छ ।

बागमती पुल बगाउँदा विगत १० दिनदेखि मकवानपुर-ललितपुरको यातायात सम्पर्क टुटेको थियो । हेटौंडा र काठमाडौंलाई जोड्ने कान्तिलोकपथ महत्वपूर्ण मार्ग हो । कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं, कुलेखानी-फाखेल-हुमानेभन्ज्याङ-फर्पिङ-काठमाडौ र कुलेखानी-महालक्ष्मी खोला-चखेल-मातातीर्थ-काठमाडौं गरी तीनवटा वैकल्पिक मार्ग आइतबार साँझबाटै सञ्चालनमा आएका थिए ।

कुलेखानी-मार्खु-चित्लाङ-चन्द्रागिरी-थानकोट सडक भने बुधबारदेखि नै खुलाइएको थियो । हेटौंडालाई धादिङ नौबिसे हुँदै काठमाडौं जोड्ने पुरानो सडक त्रिभुवन राजपथ भने १३ असोजमै पहिरो पन्छाएर सुचारु गरिएको थियो । त्रिभुवन राजपथ बाहेक सबै सडक अस्थायी रुपमा खुलेका हुन् ।

# थाहामा पानीजन्य रोगका बिरामी साढे ५ हजार पुगे

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकामा गएका दुई आर्थिक वर्ष ०७९/८० र ०८०/८१ को मा ५ हजार ४ सय १५ जना पानीजन्य रोगबाट बिरामी परेका छन् ।

नगरपालिकाको ११ वटा वडाका १२ स्वास्थ्यसंस्थाको बिरामी जाँच प्रतिवेदन अनुसार पानीबाट सर्ने रोगका कारण बिरामी पर्ने ५ हजार बढी भएको पाइएको हो । खानेपानी शुद्ध नहुँदा उनीहरुमा विभिन्न रोग लागेको स्वास्थ्य संस्था प्रमुखहरुको प्रतिक्रिया रहेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को २ महिना साउन र भदौमामात्र पनि ४ सय ३८ जना पानीजन्य रोगका कारण बिरामी परिसकेको छन् ।

थाहा नगरपालिकाको अभिलेखमा रहेका पानीबाट लाग्ने विभिन्न ९ वटा रोगमध्ये यो दुई महिनामा सबैभन्दा बढी झाडा पखालाबाट १ सय ७८ जना विरामी भएका छन् । साउन र भदौमा मात्र यति धेरै विरामी परेका हुन् ।

त्यसैगरी एक्युट ग्याष्ट्रो इन्टेरीटिसबाट १ सय ६३ जना विरामी भएका छन् । त्यसैगरी आउँमासीबाट २१, रगतमासीबाट १२, हेपाटाइटिस ए बाट १, जुका पर्नेबाट ३५, जण्डिसबाट २ र टाइफाइडबाट २६ बिरामी परेको



थाहा नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ ।

गत आव ०८०/८१ मा थाहानगरमा २ हजार ४ सय ६३ जना पानीजन्य रोगबाट बिरामी परेका थिए । जसमध्ये एक्युट ग्याष्ट्रो इन्टेरीटिसबाट ८ सय ३७ जना बिरामी भएका थिए । स्वास्थ्यसंस्थाहरुको अभिलेख अनुसार दोस्रोमा झाडापखाला रहेको छ । यस रोगबाट ८ सय ३२ जना बिरामी परेका थिए ।

यस आर्थिक वर्षमा आउँमासीबाट १ सय ८७, र गतमासीबाट ६६, हेपाटाइटिस ए बाट ७ जना, जण्डिसबाट ६७ जना, टाइफाइडबाट १ सय ४२ जना, जलबियोजनका कारण २ जना बिरामी परेको थाहा नगरपालिका स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले जानकारी दिए ।

आव ०७९/८० मा पानीजन्य रोगको संक्रमणबाट २ हजार ५ सय १४ जना उपचारको लागि स्वास्थ्य संस्था पुगेका थिए । आर्थिक वर्ष २०७९/८० मा भने सबैभन्दा बढी झाडापखलाका बिरामी उपचारको लागि स्वास्थ्य संस्था पुगेको पालिकाको स्वास्थ्य शाखाको तथ्यांक छ ।

दोस्रोमा एक्युट ग्याष्ट्रो एन्टेरीटिसबाट ६ सय ८३ जना व्यक्ति उपचारको लागि स्वास्थ्य संस्था पुगेका छन् । तेस्रोमा भने ३ सय ७८ जना जुका पर्ने विरामी उपचारको लागि स्वास्थ्य संस्था पुगेको तथ्यांकले देखाएको छ । तथ्यांकअनुसार एक्युट ग्याष्ट्रो एन्टेरीटिसबाट पीडित बिरामीको संख्या वृद्धि हुँदै गएको देखिएको छ ।

# तेल ट्यांकरमा ३९२ किलो गाँजा, मनहरीका दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ त्रिभुवन राजपथ हुँदै पालुङबाट वीरगञ्ज गइरहेको ना ७ ख १७७१ नम्बरको तेल ट्यांकरमा ३९२ किलो लागूऔषध गाँजा भेटिएको छ ।

मंगलबार बिहान सवा ३ बजे हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित पूर्व-पश्चिम सडक खण्डमा गाँजा बोकेको तेल ट्यांकर सहित दुईजनालाई पक्राउ गरिएको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले जानकारी दिए । प्रहरीले ट्यांकर चालक मकवानपुरको मनहरी गाउँपालिका-९ ज्यामिरे घर भएका २६ वर्षीय रोशन पुरी र सहचालक ज्यामिरे बस्ने २२ वर्षीय धनबहादुर मल्ललाई पक्राउ गरेको हो ।

ट्याङकरको पाँचवटा



डिब्बामध्ये ३ नम्बरको डिब्बाभित्र २५ वटा पोका बनाएर गाँजा राखिएको अवस्थामा फेला पारिएको डिएसपी अर्यालले बताए । मकवानपुरबाट लागूऔषध गाँजा भारत तस्करी हुँदै आएको छ । जिल्लाका विकट क्षेत्रमा गाँजा उत्पादन हुने गरेका छन् । प्रहरीले हरेक वर्ष गाँजाखेती नष्ट गर्ने अभियान चलाउँदै आएपनि यसको उत्पादन र ओसारपसारमा कमी भएको पाईंदैन ।

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं. ९८४५४६१०३४**

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# ऐतिहासिक गढीको जग्गा अतिक्रमण

मकवानपुरगढी गाउँपालिका-२, स्थित ऐतिहासिक मकवानपुरगढी दरबारको चण्डिनीदेवीको मन्दिर जग्गा अतिक्रमण भएको छ । मकवानपुरगढी दरबारको पूर्वी मूलगेटबाट सय मिटरको दुरीमा रहेको चण्डिनीदेवीको मन्दिर यतिबेला गायब छ । मन्दिर संरक्षण गर्दै अतिक्रमित जग्गा फिर्ता ल्याउन माग गर्दै स्थानीय चण्डिनीदेबी संरक्षण सरोकार संघर्ष समिति बनाएर मकवानपुरगढी गाउँपालिकाको ध्यानाकर्षण गराएपछि जग्गा अतिक्रमणको रहस्य बाहिर आएको हो । ऐतिहासिक, धार्मिक र महत्वपूर्ण पर्यटकीय महत्व बोकेको स्थलको संरक्षण गर्दै पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न २ नम्बर वडाबासी १ सय ३४ जना स्थानीयले हस्ताक्षर गर्दै गाउँपालिकालाई ध्यानाकर्षण गराएका हुन् । चण्डिनीदेबी संरक्षण सरोकार संघर्ष समितिले स्थानीय सबै राजनीतिक दलको समेत प्रतिनिधित्व गर्दै मन्दिरको गरिमा र महत्वको बारेमा खोज गर्नको लागि समेत गाउँपालिकालाई आग्रह गरेको हो । हुन त सार्वजनिक जग्गा अतिक्रमणको समस्या मकवानपुरगढीमा मात्र होइन । यो रोग देशका बिभिन्न गाउँटोलमा छ ।

जबसम्म जमिनको पूर्ण स्वामित्व ब्यक्तिगतरुपमा हुन्छ तबसम्म सार्वजनिक जग्गा अतिक्रमण रोकिनेवाला छैन । नेपालमा भूमाफियाको संजाल हामीले सोचेभन्दा धेरै ठूलो छ । भूमाफियाको कब्जाबाट सार्वजनिक जग्गा सरकारले फिर्ता लिन त्यति सहज छैन । सबै जग्गाजमीन सरकारीकरण नभएसम्म सार्वजनिक जग्गा अतिक्रमण रोकिने सम्भावना छैन । जग्गा जमीनमा ब्यक्तिको भन्दा पनि राज्यको स्वामित्व भएको खण्डमा मात्र यो रोग निर्मुल हुनसक्छ । मकवानपुरगढी दरवारभन्दा पूर्वतर्फ करिब २०० मिटर अगाडि वि.स. १७७५ मा सेन वंशीय राजा माणिक सेनद्वारा निर्मित चण्डिनीदेवीको मन्दिर विगतबाटै गायब पारिएको थियो । यो स्थानमा ३ देखि ४ वटा घरटहरा निर्माण भएको दाबी गरिएको छ । बनेका संरचना सबै मकवानपुर गढी दरबारको सार्वजनिक जग्गा रहेको समितिको दाबी छ । सार्वजनिक जग्गाको सँधियारले मन्दिरको जग्गा अतिक्रमण गरेर संरचना निर्माण गर्न लगाएको आरोप लगाइएको छ । सोही स्थानमा काठको मौलोसहित स्थापना गरिएको स्थानमा हात्तीले पानीखाने पोखरी मन्दिरजाने सिडी, जग्गा नाप्ने जंगेपिलर समेत रहेको तथा समुदायद्वारा निर्मित गाउँघर क्लिनिक २०७० सालसम्म संचालन हुँदै आएकोमा स्थानीय भूमाफियाले सबै संरचना भत्काई त्यस आसपासको जग्गा अतिक्रमण गरी सार्वजनिक सम्पतिको दोहन भएको गाउँपालिकालाई बुझाएको ध्यानाकर्षणपत्रमा उल्लेख छ । नेपाल टेलिकमले मकवानपुरगढी दरबारको मुख्य किल्लानजिक राखेको टावर १३ बर्षपछि अर्थात २०७६ वैशाखमा हटाएको थियो । यही टावरलाई चण्डिनीदेवीको मन्दिरमा लगेर राखिएको थियो । टेलिकमलाई सार्वजनिक जग्गा भाडामा दिन स्थानीयले जग्गा अतिक्रमण गरेको उनीहरुको दाबी छ । ध्यानाकर्षणपत्र बुझ्दै गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको पर्यटकीय गन्तव्यको संरक्षणमा काम थाल्ने प्रतिवद्धता व्यक्त गरेको छ । ऐतिहासिक क्षेत्रको संरक्षणार्थ अतिक्रमित जग्गा फिर्ता ल्याउने पहल थाल्ने गाउँपालिकाले बताएको छ ।

स्थानीयद्वारा मन्दिरको करिव ७ कठ्ठा र गढीदरबारको करिव ८ विगाहा जमिन अतिक्रमित भएको दाबी गरिएको छ । अतिक्रमित जग्गा फिर्ताको लागि यसअघि पनि गाउँपालिकाले पत्र काटेको तर, कार्यान्वयन नभएको पाइएको छ । १५ मंसिर २०७७ मा गाउँपालिकाले अतिक्रमणकारीको नाममा पत्र लेख्दै सार्वजनिक जग्गामा संरचना निर्माण गर्ने कार्य रोक्न निर्देशन दिइएको थियो । गाउँपालिकाले १४ मंसिर २०७७ मै २ नम्बर वडा कार्यालयलाई पत्राचार गर्दै अतिक्रमण रोक्न र संरचना हटाउन निर्देशन दिएको थियो । तर, यो आदेश कार्यान्वयनमा गएन । चण्डिनीदेवी मन्दिर रहेको क्षेत्र वरपर गरेर करिब ५ कठ्ठा जति दरबारको जग्गा अतिक्रमणमा परेको वडा कार्यालयको भनाई छ । तत्कालीन राजा माणिक सेनका पालामा चण्डिनीदेवी मन्दिर स्थापना भएको पुष्टि माणिक सेनले लेखेको शिलामा भेटिएको छ । शिलाको लम्बाई १० ई. ४ लाइन र चौडाई १ ई. १० लाइनको छ । राजदेवी मन्दिरबाट केही पूर्वउत्तरमा चण्डिनीदेवीको स्थान पाइने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज २४ गते बिहीबार १० अक्टोबर २०२४ । सप्तमी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:०२, सूर्यास्त ५:३८ । नवपत्रिका प्रवेश (फूलपाती) । विश्व मानसिक स्वास्थ दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कार्यमा ढिलाइ | **तुला** | : आफन्तबाट सहयोग |
| **वृष** | : ऋृण र शत्रु वृद्धि | **वृश्चिक** | : शत्रुबाट बाधा सृजना |
| **मिथुन** | : शैक्षिक कार्यमा सफलता | **धनु** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **कर्कट** | : परिवारमा विवाद | **मकर** | : रोकिएका काम बन्नेछ |
| **सिंह** | : खिन्नता रहने | **कुम्भ** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कन्या** | : शैक्षिक कार्यमा सफलता | **मीन** | : शत्रु सजिलै हराउन सकिनेछ |

# दलदलमा दशैं सन्ध्यामा सरकार



✍ कपिल काफ्ले

हिलो माटो, जहाँ टेक्यो त्यहीं भासिने भूमि र चुनौतीपूर्ण अवस्था देखाउने सन्दर्भ नै दलदल हो। नेपालीहरुको महान् चाड बडा दशैँकै बेलामा सिर्जना भयो यो दलदल । मानवीय संवेदनाका हिसाबले बाढी-पहिरो-डुबानको अवस्था बढी चोटिलो बन्यो दशैँकै कारण । लगनकै बेलामा कुनै आफन्तको देहावसान भएजस्तो, भोको व्यक्तिको भोजनको पहिलो गाँसमै झिँगा बसेजस्तो, सुहागरातको बेला जोडीमध्ये एक फदयाघात भएर ढलेजस्तो ।

हिले दशैँका लागि त नेपालीहरु यसपटक तयारै थिए, तर यत्रो दलदलमा फस्नुपर्ला भन्ने कसैले सोचेको थिएन । लट्ठीको प्रहारसम्म सहन तयार नेपालीलाई प्रकृतिले यसपटक गोली नै हान्यो । गोली लागेको नागरिकलाई तत्काल अस्पताल पुऱ्याउने र आकस्मिक कक्षमा भर्ती गर्ने जिम्मेवारीमा रहेको सरकारमा भने नपुंसकता देखियो । सरकार न दिनजस्तो उज्यालो देखियो, न रातजस्तो अँध्यारो, यो केवल घाम डुबेपछिको मिर्मिरेजस्तो देखियो । लोकतान्त्रिक तरिकाले गठन भएको सरकारलाई पूरै कालो रात भन्न त सकिएन, तर व्यवहार हेर्दा यो पूर्णत: लापर्बाह र जिम्मेवारहीन देखियो । पन् दिनमा दशैं आउँदै छ, तर सरकार बाटो बनाउन पैंतीस दिनको सूचना टाँगेर बोलपत्र आह्वान गर्दै छ, देश बाढीमा बगिरहेको बेला बाँसुरी बजाउने औपचारिकता उसलाई सुझेको छ । सेना परिचालन गरेर फूलपातीअघि नै बाटो खुलाउन सक्ने सामर्थ्य थियो, तर सरकारले आफूलाई नालायक साबित गरेरै छोड्यो ।

असोज १२ र १३ गतेको मनसुनजन्य विपद्का कारण काठमाडौं उपत्यकासहित देशभरका नागरिकको जनजीवन अस्तव्यस्त बन्यो । अविरल वर्षापछिको बाढी र पहिरोका कारण काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, धादिङलगायतका जिल्लामा धेरै मानिस प्रभावित भए । प्रभावितहरु अहिले दूषित खानेपानी र खानेकुराका कारण संक्रामक रोगको जोखिममा रहेका छन् । जनस्वास्थ्यविद्हरूले प्राकृतिक विपद्लगत्तै महामारीको जोखिम सधैँ उच्च रहने भन्दै केही दिनभित्रमै संक्रामक रोग फैलिन सक्ने चेतावनी दिए पनि सरकारले तत्काल कुनै कदम चालेन । गृह मन्त्रालयको पछिल्लो विवरणअनुसार बाढी, पहिरो र डुबानका कारण २५० भन्दा बढीको मृत्यु भएको छ, ४१ जना बेपत्ता छन् भने ४५ जनाको उपचार भइरहेको छ । बाढीपछि टाइफाइड, डेंगु, हैजा, लेप्टोस्पाइरोसिस, भाइरल हेपाटाइटिस ए र ई, इकोलाई संक्रमण, झाडापखाला र ज्वरो, छालारोगजस्ता संक्रामक रोगहरू फैलिन थालिसकेको छ । जनस्वास्थ्य विशेषज्ञहरुका अनुसार, काठमाडौं उपत्यकाको अव्यवस्थित शहरीकरण, उचित ढल निकासको अभाव र खानेपानी आपूर्ति प्रणालीको अपर्याप्तताले असुरक्षित पानीको प्रयोग गर्नुपर्ने बाध्यता छ । यस्तो परिस्थितिले संक्रामक रोगहरु फैलिन अनुकूल वातावरण सिर्जना भएको छ । डेंगुले पुन: डरलाग्दो रुप लिने सम्भावना बढेको छ ।

विपद् व्यवस्थापन राहत कोषमा बाढी, पहिरोपीडितको उद्धार तथा राहतका लागि सबैतिरबाट सहयोग जम्मा भएको छ । मन्त्रीहरूले एक महिनाको तलब उक्त कोषलाई दिने निर्णय गरेका छन् । यी सकारात्मक विषय हुन् । तर देशमा बाढी-पहिरोको वितण्डा मच्चिरहँदा प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिकाको न्यूयोर्कमा थिए। महासभामा सम्बोधन भइसकेको थियो। उनी तत्काल स्वदेश फर्किन सक्थे। अथवा कार्यबाहक प्रधानमन्त्री प्रकाशमान सिंहलाई नै समस्याको समाधानका लागि निर्देशन गर्न सक्थे। तर त्यस्तो केही भएन। महासभामा भाग लिएर साना-ठूला कार्यक्रममा विनातयारी बोल्दै नेपालको प्रतिष्ठा घटाएर प्रधानमन्त्री ओली स्वदेश फर्किएपछि मात्र यससम्बन्धमा मन्त्रिपरिषद्ले निर्णय गर्नु असंवेदनशीलता नै भन्नुपर्छ। यद्यपि प्रधानमन्त्री ओली स्वदेश फर्केकै दिन साँझ मन्त्रिपरिषद्को बैठक बसेर पीडित र प्रभावित नागरिकप्रति सरकार संवेदनशील भएको संकेत दिन खोजियो । तर रत्नपार्कबाट पाटनढोका जानुपर्ने गाडी हतारहतार हेटौंडाको बाटो दक्षिणकाली परिक्रमा गरेर साँझमा पाटनढोका पुग्छ भने, त्यस्तो तदारुकताको के काम ?

बाढीपहिरोमा परी घाइते भएकाहरूको नि:शुल्क उपचार गर्ने, उद्धार तथा राहतको गतिलाई तीव्र बनाउने, सडक सञ्चालनमा ल्याउन सडकका अवरोधहरू हटाउने, हवाई भाडा नियन्त्रण गर्ने र कालोबजारी हुन नदिने लगायतका निर्णय त्यस मन्त्रिपरिषद्ले गऱ्यो। सरकारले विपद्मा ज्यान गुमाएका मानिसहरूप्रति दु:ख व्यक्त गर्दै राष्ट्रिय शोक घोषणा गरेर तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकाउनेसमेत निर्णय गऱ्यो-शोक परेपछि होइन प्रधानमन्त्री ओली स्वदेश फर्केपछि । विपद् आउँदै छ भनेर सरकारी संयन्त्रले नै ५६ जिल्लामा रेड अलर्ट गरेको थियो, तर सरकारले समयमा पूर्वतयारी गरेन ।

बाढी र पहिरोको दलदलमा फसेका नेपालीलाई सरकारले अपेक्षाकृतरुपमा सघाउन नसकेको प्रमाणित भैसकेको छ । त्यसैले यही विषयमा बढी लेख्नुभन्दा अन्य निजी क्षेत्र, नागरिक समाज, व्यापारिक घराना र मिडिया जस्ता निकायले पीडित-प्रभावितलाई सघाए त भनेर प्रश्नात्मक दृष्टि सबैतिर घुमाउनु आवश्यक हुन्छ । स्थलमार्ग अवरुद्ध भएको समयमा आकाशमार्ग विकल्पका रुपमा खडा हुनु स्वाभाविक हो । तर विमान कम्पनीहरुले यही विपद्को बेला साबिकको भाडामा शत प्रतिशत वृद्धि गरे।

व्यापारमा मुनाफाभन्दा बढी मानवीय हित र सार्वजनिक कल्याणको पक्षलाई प्राथमिकता दिइन्छ भन्ने व्यावसायिक सिद्धान्तलाई बाढीमा बगाइयो । यता प्रेस जगत्ले पनि उद्धार र राहतका लागि पैरवी पत्रकारिता गर्न सकेनन् । हामीकहाँ मिडियाले आपत्कालीन घटनाहरूलाई प्राथमिकता नदिएका होइनन् । गम्भीरता र महत्वका आधारमा विपद्का धेरै समाचारले पुरानो र नयाँ मिडियामा स्थान पाए । तर, तिनीहरूले आफ्नो सामाजिक जिम्मेवारी जुन स्तरमा पूरा गर्न सक्थे, त्यो गरेको देखिएन । पत्रकारिताले विपत्सँग सम्बन्धित समस्याहरूलाई व्यवस्थापन गर्न ठूलो भूमिका खेल्न सक्छ । मिडियाले विपत् आउनुअघि, विपद् आउँदा र पछि उत्पन्न हुने समस्याहरूका विषयमा महत्वपूर्ण काम गर्न सक्छन् । पत्रकारहरूले विपद्का विभिन्न आयामहरू जस्तै- अग्रिम सचेतना, उद्धार, राहत वितरण, कारण, प्रभाव, परिणाम र सम्भावनाहरूमा भूमिका खेल्न सक्छन् ।

म्याक्वेल (२०१६) का अनुसार, सञ्चारमाध्यम र यसका विभिन्न तत्वहरूको प्रणालीगत अध्ययन १९२० पछि मात्र शुरु भएको हो । तर, पत्रकारिता अभ्यास र जनसञ्चारको प्रक्रिया त्यसअघि नै चलिरहेको थियो । युरोपबाट १७औं शताब्दीको शुरुवातमा विकसित भएको आजको स्वरुपको पत्रकारिताको शक्ति अपार छ । राज्यका तीन अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको भूमिका हुने, तर चौथो अंग पत्रकारिताको भूमिका नै नहुने सम्भव छैन । 'ब्याड न्युज इन गुड न्युज' भनिन्छ । त्यसैले बाढी-पहिरो आयो, 'ब्याड' भयो, तर समाचार चाहिँ पठनीय भयो । विपद्लाई कसैले राम्रो भन्न सक्तैन । हो, विपद्का बेला ध्वस्त भएका बस्तीहरु पुनर्निर्माणपछि निकै सुन्दर बनेका छन् । बहत्तर सालको भूकम्पपछि बनेका बस्तीहरु त्यसकै उदाहरण हुन् । तर, विपद् कसैले चाहँदैन ।

विपद् अचानक घटित हुन्छ, जसमा जनधनको क्षति हुन्छ । पिपद्मा मृत्यु हुनु, चोटपटक लाग्नु, भौतिक सम्पत्तिको विनाश हुनु, आवासविहीन बन्नु स्वाभाविक हुन्छ । गृह मन्त्रालयको तथ्यांकअनुसार, विपद्का कारण वर्षमा लगभग ९ सय व्यक्तिको मृत्यु हुन्छ र लगभग १ लाख ३२ हजार परिवारहरू यस प्रकारका विपद्बाट पीडित हुन्छन् । यसै गरी, प्रत्येक वर्ष लगभग ३० हजार घर तथा आवासमा क्षति पुग्छ । विपत्तिहरूलाई प्राकृतिक र गैर-प्राकृतिकमा वर्गीकरण गर्न सकिन्छ । भूकम्प, ज्वालामुखी, टर्नेडो, बाढी, भूमि धसिनु, हिउँको आँधी, क्षय, हिमस्खलन, अत्यधिक वर्षा वा तीव्र वर्षा, सुख्खा मौसम, हिमनदी विस्फोट, चट्याङ, बन डढेलो, शीत लहरजस्ता घटना प्राकृतिक विपत्तिका उदाहरण हुन् । यस्तै महामारी, अकाल, आगजनी, जंगली जनावरको आक्रमण, सर्पदंश, सडक दुर्घटना, विषाक्त ग्यास, रासायनिक ग्यासको उत्सर्जन र विकिरण, ग्यास विस्फोट, विषालु खाद्यवस्तु उत्पादन, वातावरणीय प्रदूषण, वन विनाश र मरुभूमीकरण गैर-प्राकृतिक विपत्तिका प्रकार हुन्।

रेडियो, टेलिभिजन, अखबार, पत्रिका र अनलाइन समाचार पोर्टलजस्ता पुराना र नयाँ मिडियामा विपद् प्राथमिकताको विषय बनेको पाइन्छ । विपद् पत्रकारिता गर्ने पत्रकारहरूले समाजलाई सेवा गर्दै गर्दा सामाजिक जिम्मेवारीका सिद्धान्तहरू मुखरित भएर आउँछन् । तर समस्या के छ भने, नेपाली मिडिया हाउसहरुले विपद्को विषयलाई त्यति महत्व दिन सकेका छैनन् । विपद् पत्रकारिताका लागि प्राय: 'बिट' पनि तोकिएको छैन । सर्वविदित छ, नेपाल विभिन्न प्रकारका विपत्तिहरू जस्तै- बाढी, भूस्खलन, भूकम्प, आगलागी, भोकमरी, शीत लहर, तातो हावाको हलर, निरन्तर वर्षा, महामारी र आँधीतुफानको जोखिममा रहेको छ । नेपाल भूकम्प जाने मुलुकहरूको सूचीमा ११औं स्थानमा छ र जलवायु परिवर्तनको उच्चतम जोखिम भएको क्षेत्रहरूको सूचीमा १०औं स्थानमा छ। नेपालको भौगोलिक संरचना र नाजुक भूमि संरचनाका कारण, नेपाल धेरै प्रकारका विपत्तिहरूको जोखिममा छ। फलस्वरूप, बाढी, भूस्खलन, भूकम्प, जलाशय निर्माण, आँधीतुफान आदि निरन्तर समाचारका विषय बन्ने गरेका छन्। यस्तो अवस्थामा, सामाजिक जिम्मेवारीको दृष्टिकोणबाट विपद्लाई मिडियाले महत्वका साथ स्वीकार गर्नु र 'बिट' बनाएर कुनै पत्रकारलाई जिम्मा दिनु आवश्यक छ।

सबैभन्दा ठूलो कुरा, मिडियाले विपद्का विषयमा नागरिकलाई समयमै सचेत गराउन र सुरक्षाका पूर्वाधार निर्माण गर्न सक्छ। यसपटक पनि मिडियाले ५६ जिल्लामा बाढी-पहिरो जाने पूर्वजानकारी दिएकै हुन्। यद्यपि मिडियाले जुन सघनता र प्राथमिकताका साथ यो जानकारी दिनुपर्ने हो, दिन सकेको देखिएन । खासगरी विपद्को घटना भएपछि उद्धार र राहतका लागि मिडियाको भूमिका यति महत्वपूर्ण हुन्छ कि मानवीय सेवाका लागि अर्को शायदै निकाय हुनसक्छ । राहत संकलन, आर्थिक सहयोग व्यवस्थापन, शुद्ध र पारदर्शी ढंगले वितरण गर्नका लागि मिडियाले पैरवी पत्रकारिता गर्नुपर्ने हुन्छ । राष्ट्रिय शोकको यस घडीमा मिडियाले जति गरे त्यो ठीकै छ, तर पुगेन, पुग्दै पुगेन। यसपटकको विनाशबाट पाठ सिकेर नेपाली मिडियाले विपद् पत्रकारिताका लागि तयारी थाल्नु आवश्यक भएको छ ।

*(साभार: न्युज अफ नेपाल)*

# नेपाल-चीन सम्बन्धमा बीआरआईको प्रभाव

✍ सञ्जु दाहाल सञ्जु दाहाल

वर्तमान विश्वको पहिलो अर्थतन्त्र, विश्वको दोस्रो शैन्य शक्ति भएको मुलुक चीनलाई नेपालीले चिन्नै सकेनन् । नेपालीले अमेरिका-युरोपमा पाउने सामान्य आम्दानी अब चीनमै प्राप्त हुन सक्छ, तर चिन्ताको कुरा चीनले गरेको यो विकासको कुराले नेपालीको मन जित्न सकेको छैन । केरुङ-काठमाडौं रेल चीनका लागि सामान्य परियोजना हो, जुन अझै सुरु हुन सकेको छैन । तातोपानी, कोरला तथा हिल्सा नाकाहरू सुनसान छन् । एउटा सडक गतिलो छैन । व्यापार ठप्पजस्तै छन्, तर उता चीनको महत्त्वाकांक्षी योजना 'बेल्ट एन्ड रोड' पहलले विश्व थर्कमान छ । कांग्रेस-कम्युनिस्ट नेपालीले महान् चीनलाई चिन्नु चानचुने चुनौती नै हो ।

### के हो बीआरआई ?

'बेल्ट एन्ड रोड इनिसियटिभ' (बीआर आई) चीनको एक महत्त्वाकांक्षी र विश्वलाई नै प्रभाव पार्न सक्ने विकास रणनीति हो । यसलाई सन् २०१३ मा चीनका राष्ट्रपति सी जिनपिङले प्रस्तुत गरेका थिए । यस रणनीतिको मुख्य उद्देश्य चीन र अन्य देशहरूबिचको व्यापार, लगानी र आधारभूत संरचनाको विकासलाई प्रवर्द्धन गर्नु हो । बीआरआई, जसलाई पहिले 'वन बेल्ट वन रोड' (ओबीओआर)का रूपमा चिनिन्थ्यो । हाल आएर यो कार्यक्रम एसिया, अफ्रिका र युरोपभरि प्रसारित छ ।

'बेल्ट एन्ड रोड' पहलको अवधारणा प्राचीन सिल्क रोडबाट उत्पन्न भएको हो, जुन चीन र युरोपबिचको व्यापारिक मार्ग थियो । पुरानो सिल्क रोडले मध्य एसियामा रहेका विभिन्न देशलाई जोड्ने काम गरेको थियो । बीआरआई यसै पुरानो मार्गलाई आधुनिक सन्दर्भमा पुन: जागृत गर्न चाहन्छ, जसले चीनलाई दक्षिणपूर्व एसिया, दक्षिण एसिया, मध्यएसिया, अफ्रिका र युरोपसँग जोड्नेछ ।

बीआरआई चिनियाँ सरकारको एक ठुलो परियोजना हो, जसले एसिया, युरोप र अफ्रिकासम्मको भौगोलिक क्षेत्रलाई जोड्ने उद्देश्य राखेको छ । बीआरआईले सडक, रेलमार्ग, बन्दरगाह, ऊर्जा परियोजनाहरू र सञ्चार नेटवर्कजस्ता संरचनाहरूको विकासलाई प्राथमिकता दिएको छ । चीनले बीआरआईका माध्यमबाट यस्ता परियोजनामा लगानी गरी सम्बन्धित देशको विकासमा योगदान पुऱ्याएको छ । यसले चीनको व्यापारिक पहुँचलाई विस्तार गर्नुका साथै साझेदार देशहरूको अर्थतन्त्रलाई पनि बलियो बनाउने अपेक्षा गरिएको भए पनि नेपाल बत्तीमुनिको छायाजस्तै भएको छ । १० वर्ष भयो, न सडक बन्यो, न त रेल नै आयो ।

बीआरआईको अर्को प्रमुख उद्देश्य चीनको अन्तर्राष्ट्रिय व्यापारलाई विस्तार गर्नु हो । चीनले आफ्ना उत्पादनलाई नयाँ बजारमा पुऱ्याउन र आयात-निर्यातको प्रवाहलाई सहज बनाउन बीआरआईको प्रयोग गर्छ । यस पहलले विभिन्न देशसँग द्विपक्षीय र बहुपक्षीय व्यापार सम्झौताहरू गर्न चीनलाई मद्दत गर्छ, जसले विश्वव्यापी व्यापारिक नेटवर्कलाई मजबुत बनाउँछ । बीआरआईले विकासशील देशहरूलाई भौतिक पूर्वाधारको विकासमा सहयोग पुऱ्याएर उनीहरूको आर्थिक विकासको गति बढाउन मद्दत गर्छ । यसले गरिबी निवारण, रोजगारी सिर्जना र औद्योगिकीकरणलाई प्रोत्साहन दिन्छ । चीनको पहलमा गरिएको लगानीले सम्बन्धित देशहरूमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आर्थिक विकासमा योगदान पुऱ्याउँछ । बीआरआईले चीनलाई अन्य देशसँग कूटनीतिक सम्बन्ध बलियो बनाउन र आफ्नो क्षेत्रीय प्रभावलाई विस्तार गर्न मद्दत गर्छ । यसले अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई नयाँ उचाइमा पुऱ्याउँछ र चीनको वैश्विक भूमिका अझ महत्वपूर्ण बनाउँछ । बीआरआईसँगै पछिल्लो समय राष्ट्रपति सीले अघि सारेको 'ग्लोबल सेक्युरिटी इनिसियटिभ' (जीएसआई), 'ग्लोबल डेभलप्मेन्ट इनिसियटिभ' (जीडीआई), 'ग्लोबल कल्चरल इनिसियटिभ' (जीसीआई) मा चीनले नेपालको पनि सुरुमा सहभागिता खोजेको थियो । तर न नेपालले चीनलाई चिन्यो, न त चीनले नेपाल नै । नेपालको सन्दर्भमा बीआरआई एक कागजमा लेखिएको योजना मात्रै जस्तो भयो, परिणाम देखिएन ।

### नेपालमा 'बेल्ट एन्ड रोड' पहल

बीआरआईमा संलग्न १५० देशमध्ये नेपाल एक हो । नेपाल र चीनबिच बीआरआई अन्तर्गत विभिन्न सम्झौता भएका छन्, जसले नेपालमा भौतिक संरचना विकास, व्यापार विस्तार र लगानी आकर्षित गर्न मद्दत गरेको छ । नेपालले बीआरआईमा सामेल भएको छ र यसले नेपालमा आधारभूत संरचना विकासमा ठुलो अवसर प्रदान गर्न सक्छ । यस परियोजनाले सडक, रेल र जलविद्युत् परियोजनामा ध्यानकेन्द्रित गरिरहेको छ । नेपाल सन् २०१७ मा बीआर आईमा सामेल भएको थियो । नेपाल र चीनबिचको दुई पक्षीय आपसी सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमा आधारित रहेकाले परस्पर सम्मान, सार्वभौम समानता, एर्काकाका साझा चासो र संवेदनशीलताप्रतिको बुझाइमा हुर्कदै आएको छ ।

दुवै देशबिच अत्यन्तै राम्रो आपसी-सम्बन्ध र विश्वास छ, तर भारत तथा अमेरिकी चाहनाबमोजिम चिनियाँ प्रभाव कांग्रेसहरूले रोक्छन् भने त्यसका विरुद्ध कम्युनिस्टहरूले बोक्छन् । बीआरआईले नेपालका लागि ठुला अवसर सिर्जना गरेको छ । नेपालमा जलविद्युत्, सडक र रेलमार्गको विकासमा चिनियाँ लगानीले देशको आर्थिक विकासमा सकारात्मक प्रभाव पारेको छ । यस परियोजनाले नेपाललाई व्यापार र सम्पर्कको सन्दर्भमा मजबुत बनाउँदै गएको देखिन्छ । सन् २०१३ मा 'वान बेल्ट वान रोड' (ओबीओआर) नाम दिएर सुरु भएको बीआरआईलाई कुनै बेला चीनको नेतृत्वले 'यो शताब्दीको परियोजना'का रूपमा उल्लेख गरेको थियो । 'कार्नेगी इन्डाउमेन्ट फर डेमोक्रेसी'मा प्रकाशित एउटा लेख अनुसार, हालसम्म नेपाल लगायत १५० वटाभन्दा बढी देश उक्त परियोजनामा आबद्ध छन् भने सयौं दुईपक्षीय सम्झौतामा हस्ताक्षर भएका छन् ।

वालस्ट्रिट जर्नलमा प्रकाशित भएको एउटा विवरण अनुसार चीनले बीआरआई अन्तर्गत एसिया, अफ्रिका र ल्याटिन अमेरिकामा १० खर्ब अमेरिकी डलर लगानी गरिसकेको छ । तर नेपालमा ? पुँजीवादी दक्षिणपन्थी कांग्रेस-कम्युनिस्टले जनाधार गुमाउँदै गएको अवस्थामा चीनले नेपाली जनताको चाहना अनुरुप एउटा रेलमार्ग निर्माण गरेर जनताको मन जित्नु आवश्यक भइसकेको छ ।

### चिनियाँ रेल

नेपालीको ठुलो सपना हो, रेल चढ्नु । राष्ट्रपति सी जिनपिङले सन् २०१९ मा काठमाडौंको भ्रमण गर्दा दुई देशले बहुआयामिक हिमालय वार पार सम्पर्क सञ्जाल विस्तार गरिनेमा जोड दिँदै तिब्बतबाट काठमाडौं हुँदै लुम्बिनीसम्म रेल-वे निर्माण गर्ने प्रतिबद्धता जनाएका थिए । चीन-लाओस रेल-वे परियोजनाको निर्माण पूरा भइसकेको छ । तर नेपाल-चीन रेल-वेको हाल चिनियाँ प्राविधिक टोलीले विस्तृत सम्भाव्यता अध्ययन गरिरहेको छ र यसको निर्माणका लागि अझै लामो समय लाग्न सक्ने ठानिएको छ । काठमाडौंसम्म जोड्ने रेलमार्गका लागि आठ अर्ब अमेरिकी डलर लाग्न सक्ने एउटा अध्ययनले देखाएको छ । चिनियाँ लगानीका जलविद्युत् परियोजनाबाट बिजुली नकिन्ने घोषणा गरेको भारतले अमेरिकासँग मिलेर नेपालमा चिनियाँ प्रभाव कम गर्नका लागि कूटनीतिक सक्रियता बढाएको विज्ञले बताउने गरेका छन् । बीआर आई परियोजनामा नेपालले हस्ताक्षर गरे पनि कार्यान्वयन भने हुन सकेको छैन । गत साल पोखरास्थित फेवातालमा पहिलो चीन-नेपालमैत्री 'ड्रागन बोट रेस' समारोह सफलतापूर्वक सम्पन्न भएको थियो । लुम्बिनीको चिनियाँ मन्दिरमा हजारौं मानिसले विश्व शान्तिका लागि दीप प्रज्ज्वलन गरी प्रार्थना गरेका थिए, तर हाम्रो अवस्था उस्तै छ । कुनै स्पष्ट योजनाअगाडि बढ्नै सकेको देखिँदैन । नेपालीलाई धेरै ठुलो आशा छ– चीनको सहयोगमा बनेर चल्ने बेइजिङदेखि केरुङ काठमाडौं, काठमाडौंदेखि पोखरा हुँदै लुम्बिनी पुग्ने रेल चढ्ने । ढिला गर्नु नेपाल-चीन सम्बन्धमा चिसो पस्नु नै हो, रात रहे अग्राख पलाए ।

एक दशक भयो, चीनले रफ्तारमा बीआरआईलाई अघि बढाउन सकेको छैन । जस्तो कि घोषणाको प्रारम्भिक पाँच वर्ष त योजना बनाउन र विश्व समुदायलाई यसको महत्त्व बुझाउनमै गयो भने त्यसपछिका वर्षमा जब चीन आक्रामक रूपमा प्रस्तुत हुन खोज्दै थियो, तब कोरोना महामारी, चीन र भारतबिचको तिक्ततापूर्ण सम्बन्ध, रसिया-युक्रेन युद्ध, चीन-अमेरिका सम्बन्ध लगायत अन्तर्राष्ट्रिय परिस्थिति निरन्तर परिवर्तन भइराख्दा बन्दरगाहको प्रवर्द्धन, राजमार्ग, कोइला पावर स्टेसन लगायत दक्षिण एसियामा चिनियाँ लगानी रहेका परियोजनामा प्रत्यक्ष असर पऱ्यो । चीन अब युद्धस्तरमा नेपाललाई साथ लिएर दक्षिणपन्थलाई जितेर अगाडि बढ्नुपर्छ ।

### आर्थिक प्रभाव

बीआरआईको प्रमुख उद्देश्य आधारभूत संरचनामा लगानी गर्नु हो, जसमा सडक, रेलमार्ग, पुल र जलविद्युत् परियोजना पर्छन् । आधारभूत संरचनाका सुधारले नेपालका विभिन्न क्षेत्रलाई एकापसमा जोड्न र चीनसँगको व्यापारलाई प्रोत्साहन गर्न सक्छ । चीनसँगको सम्पर्क बढ्दा नेपालको वस्तु र सेवाहरूको निर्यात वृद्धि हुन सक्छ र व्यापार वृद्धि हुन्छ । बीआरआई परियोजनाहरूले नेपालमा विदेशी लगानीकर्तालाई आकर्षित गर्न मद्दत गर्न सक्छ । आधारभूत संरचना विकासका कारण उद्योग र सेवाहरूको स्थापनामा सजिलो हुने अपेक्षा गरिएको छ । नेपाल चिनियाँहरूको एक प्रमुख पर्यटकीय क्षेत्र हो ।

*(साभार: रातोपाटी)*

# दशैंका बेला प्रशिक्षणमा व्यस्त महिला फुटबलर



काठमाडौं/दशैंको माहोल सुरु भइसक्यो,दुई दिनपछि त लामो सार्वजनिक बिदा पनि सुरु हुनेछ । तर नेपाली राष्ट्रिय महिला फुटबल टिम भने अभ्यासमा व्यस्त छ । साफ महिला च्याम्पियनसिपको सातौं संस्करण कात्तिक १ देखि १७ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुँदैछ ।

अहिलेसम्म उपाधि जित्न नसकेको नेपाली टोली जित्ने लक्ष्यका साथ दशैंका बेला पनि प्रशिक्षणमा व्यस्त छ । पछिल्लो पटक २०२२ मा दशरथ रंगशालामै भएको छैटौं संस्करणाको साफ महिला च्याम्पियनसिपका सहायक प्रशिक्षक रहेका राजेन्द्र तामाङको मुख्य प्रशिक्षणमा नेपालले तयारी गरिरहेको छ ।

प्रशिक्षक तामाङले दशैंको समयमा पनि प्रशिक्षण जारी रहने र टीकाको दिनमात्र छुट्टी हुने बताए । 'दशैंको समयमा पनि प्रशिक्षण निरन्तर हुन्छ । टीकाको दिन शनिबार छुट्टी छ । खेलाडीहरु शुक्रबार घर जान्छन् अनि आइतबार प्रशिक्षणमा आउनेछन्', तामाङले संचारकर्मीसँग भने । चाडपर्वको समयमा अन्य साथीभाई रमझममा झुम्दा खेलाडीहरुले भने देशका लागि उपाधि जित्ने लक्ष्यसहित पसिना बगाइरहेका छन् ।

'चाडपर्वको समयमा अलिकति चित्त त दुख्छ । अरु सबै रमाइरहेका छन् भन्ने लाग्छ', तामाङले भने, 'तर खेल्नुपर्छ, जित्नुपर्छ भन्ने भावना टिममा छ ।' वाफ वुमन्स च्याम्पियनसिपका लागि पहिलो पटक नेपाली महिला टोली सम्हालेका तामाङ त्यस प्रतियोगितामा उत्कृष्ट प्रदर्शनपछि महिला टोलीकै प्रशिक्षकमा निरन्तर छ । बीचमा नेपाली महिला टोलीले थ्री नेसन्स खेल्ने भनेपनि स्थगित भएको थियो । तर त्यसका लागि तयारी अनि एपीएफले पहिलो पटक एएफसी महिला च्याम्पियन्स लिगको प्रारम्भिक चरण खेलेकाले नेपाली खेलाडी लगातार जस्तो प्रशिक्षणमै छन् । केही खेलाडी भने अहिले विदेशी लिगमा समेत जमिरहेका छन् ।

सावित्रा भण्डारी 'साम्बा' फ्रेन्च वुमन्स लिगमा इएनटी गुएग्याम्पबाट खेलिरहेकी छन् भने रेखा पौडेल युएईको अबुधाबी कन्ट्री क्लबबाट एएफसी महिला च्याम्पियन्स लिग खेल्ने तयारीमा छिन् । उनले अबुधाबीबाटै एएफसी च्याम्पियन्स लिगको प्रारम्भिक चरण खेलेकी थिइन् । प्रारम्भिक चरणमा रेखाले दुई गोल गर्दै आफ्नो टिमलाई समूह विजेता बनाउन सहयोग गरेकी थिइन् ।

यस पटक नेपाली टिमको स्पिरिट राम्रो रहेको र सबैको लक्ष्य उपाधि जित्ने रहेको प्रशिक्षक तामाङले बताए ।

**सेमिफाइनल महत्वपूर्ण खेल**

सात राष्ट्रले प्रतिस्पर्धा गर्ने साफ च्याम्पियनसिपका लागि समूह ए मा साविक विजेता बंगलादेश, ५ पटकको विजेता भारत र पाकिस्तान छन् ।

घरेलु टोली नेपाल, श्रीलंका, माल्दिभ्स र भुटान समूह बी मा छन् । च्याम्पियनसिपको पहिलो खेल भारत र पाकिस्तानबीच अक्टोबर १७ मा हुनेछ । नेपालले आफ्नो पहिलो खेल श्रीलंकासँग १८ अक्टोबरमा खेल्नेछ भने माल्दिभ्ससँग २१ अक्टोबर र भुटानसँग २३ अक्टोबरमा खेल्नेछ ।

दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनल पुग्नेछन् । सेमिफाइनल खेल अक्टोबर २७ र फाइनल खेल अक्टोबर ३० मा हुनेछ ।

नेपालको समूहमा तुलनात्मक रुपमा कमजोर प्रतिद्वन्द्वीहरु छन् । प्रशिक्षक तामाङ भन्छन्, 'हाम्रो समूहमा रहेका श्रीलंका र माल्दिभ्सको स्तर त्यति माथि छैन । भुटानको खेलस्तर पछिल्लो समय बढेको छ । बंगलादेशसँग दुई मैत्रीपूर्ण खेलमा राम्रो खेलेको थियो । उनीहरुको ट्याक्टिकल राम्रो छ तर इन्डुरेन्स कम छ । पहिला जस्तो सहज त हुन्न तर जित्छौं । भुटानलाई कम आँक्न मिल्दैन ।'

नेपालको लागि मुख्य प्रतिस्पर्धा सेमिफाइनल र फाइनलमा हुने तामाङले बताए । समूह विभाजन अनुसार सेमिफाइनलमा नेपालले भारत र बंगलादेशमध्ये एउटासँग प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ ।

**सावित्रा नै मुख्य हतियार**

मुख्य प्रशिक्षक तामाङले साफ महिला च्याम्पियनसिपका लागि एन्फा महिला लिगमा राम्रो प्रदर्शन गरेका युवा खेलाडीहरु समेटर प्रारम्भिक चरणमा ४० खेलाडीको नाम सार्वजनिक गरेका थिए ।

लिग सकिएपछि प्रशिक्षण सुरु भएको थियो । प्रशिक्षक तामाङले आइतबार १३ जनालाई बाहिर राख्दै दोस्रो चरणमा २७ खेलाडी घोषणा गरेका छन् । अब एक सातापछि त्यसबाट अन्तिम २३ सदस्यीय टोली घोषणा हुनेछ । हाल सावित्रा भण्डारी र रेखा पौडेल विदेशमा खेलिरहेकोले अन्तिम टोली घोषणा हुन बाँकी छ ।

अहिलेसम्मको तयारी राम्रो रहेको तर लिगले गर्दा खेलाडीले धेरै आराम नपाएको प्रशिक्षक तामाङले बताए । 'तयारी उच्चस्तरकै छ । तर लिगले गर्दा धेरै तयारी त गर्न पाएनौं । ट्याक्टिकल कुरामा काम गरिरहेका छौं', उनले भने ।

घरेलु मैदानमा प्रतियोगिता हुने भएकाले जसरी पनि उपाधि जित्ने नै मुख्य लक्ष्य रहेको प्रशिक्षक तामाङले बताए । प्रशिक्षक तामाङले सावित्रा टिमको मुख्य हतियार भएको बताए । 'साम्बा वान अफ दि बेस्ट फरवार्ड टिममा छ । गोल हान्छ । उसको अट्याकले फरक पार्छ,' तामाङले भने 'त्यति राम्रो स्ट्राइकर हुँदा पनि गर्न सकिएन भने कहिल्यै सकिन्न ।'

**लगातार तेस्रो पटक नेपालमा आयोजना हुँदै**

साफ महिला च्याम्पियनसिप लगातार तेस्रो पटक नेपालमा आयोजना हुँदैछ । यसअघि पाँचौ संस्करण २०१९ मा विराटनगरमा आयोजना भएको थियो भने छैटौं संस्करण २०२२ मा काठमाडौंको दशरथ रंगशालामा भएको थियो ।

तर दुवै पटक नेपाल च्याम्पियन बन्न सकेन । पाचौं संस्करणको फाइनलमा भारतसँग पराजित भएको नेपाल छैटौं संस्करण बंगलादेशसँग स्तब्ध बनेको थियो । साफको फाइनलमा नेपालको महिला टोली पहिलो पटक बंगलादेशसँग खेल्दा नै पराजित भयो ।

सन् २०१० मा बंगलादेशबाट साफ महिला च्याम्पियन सुरु भएको थियो । सन् २०१२ मा दोस्रो संस्करण श्रीलंकामा आयोजना हुँदा सन् २०१६ को तेस्रो संस्करण पाकिस्तानले आयोजना गरेको थियो । यस्तै सन् २०१६ मा चौथो संस्करण भारतमा भएको थियो । अहिलेसम्म पाँच राष्ट्रले साफ महिला च्याम्पियनसिप आयोजना गरिसक्दा भुटान र माल्दिभ्सले भने आयोजना गरेका छैनन् ।

**हाल प्रशिक्षणमा रहेका नेपाली टोली**

**गोलकिपर** : एन्जिला तुम्बापो सुब्बा, अन्जना राना मगर, उषा नाथ, सुशीला चौधरी

**डिफेण्डर** : गीता राना, अमृता जैसी, समीक्षा घिमिरे, निशा थोकर, पुजा राना, विमला विक, हिराकुमारी भुजेल, प्रतीक्षा चौधरी, सजनी थोकर

**मिडफिल्डर** : रेनुका नगरकोटे, प्रीति राई, सरु लिम्बु, दिपा शाही, सविता राना मगर, अनिता बस्नेत, अमिसा कार्मी, विमला चौधरी, सरस्वती हमाल

**फरवार्ड** : रश्मिकुमारी घिसिङ, अनिता केसी, चन्द्रा भण्डारी, रेखा पौडेल, सावित्रा भण्डारी

*(स्रोत: अनलाइनखबर)*

दशैंका तीन फिल्म :

# 'छक्का पञ्जा ५'लाई उच्च सोज, 'ज्वाइँ साब' र '१२ गाउँ'लाई कति ?



काठमाडौं/यही बिहीबार (फूलपाती)बाट तीन नेपाली फिल्म 'ज्वाइँ साब', '१२ गाउँ' र 'छक्का पञ्जा ५' एकसाथ प्रदर्शनमा आउने तयारीमा छन् । यो त्रिपक्षीय भिडन्तलाई यस वर्षकै सबैभन्दा ठूलो मानिएको छ । तीनवटै फिल्मको 'स्टारकास्ट' र चर्चा हेर्दा यसपटक बक्स अफिसमा टक्करको प्रतिस्पर्धा हुने देखिन्छ । सोमबारबाट यी तीन फिल्मको मल्टीप्लेक्सहरुमा अग्रिम बुकिङ खुला भैसकेको छ ।

सोज संख्यामा 'छक्का पञ्जा ५' अन्य दुई फिल्मभन्दा धेरै अगाडि छ । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्समा मात्र फिल्मले कूल ९० सोज पाएको छ । बुधबार साँझसम्म क्यूएफएक्समै फिल्मले एक सय सोज नघाउने सम्भावना प्रबल छ । यस्तै, काठमाडौंका आईएनआई, वान् सिनेमाज्, बिग मुभिज, बिएसआर मुभिज्, एफक्यूब, रञ्जना सिनेप्लेक्स सहित उपत्यकाबाहिरका मल्टी प्लेक्सहरुले पनि फिल्मलाई उच्च सोज बाँडेका छन् ।

सरसर्ती हेर्दा फिल्मले पहिलो दिन देशभर ३ सय हाराहारी सोज पाउन सक्ने देखिन्छ । यो संख्या आक्रामक ओपनिङका लागि पर्याप्त छ । अब प्राप्त सोजलाई अकुपेन्सीमा बदलनुपर्ने चुनौती फिल्मलाई रहनेछ । यसका अघिल्ला चारवटै श्रृंखला सफल भएकाले 'छक्का पञ्जा ५'ले पनि बक्स अफिसमा ठूलो अंक जोड्न सक्ने प्रक्षेपण गरिएको छ ।

सोज संख्याको आधारमा '१२ गाउँ' भने दोस्रो स्थानमा छ । क्यूएफएक्स चेनमा फिल्मले कूल ५३ सोज पाएको छ । देशका अन्य मल्टीप्लेक्ससहितको सोज जोड्ने हो भने डेढ सय पुग्छ । यो सोज संख्यालाई राम्रो मान्न सकिन्छ । केही मल्टीप्लेक्समा एड्भान्स बुकिङ पनि उत्साहजनक देखिएको छ । विशेषगरी काठमाडौंको एफक्युबमा फिल्मको ठूलो मात्रामा टिकट बिक्री भैरहेको छ ।

त्यस्तै, 'ज्वाइँ साब' सोज संख्यामा तेस्रो स्थानमा छ । फिल्मले पहिलो दिन देशभर एक सय हाराहारी सोज पाउने देखिएको छ । क्यूएफएक्स चेनमा फिल्मलाई कूल ४० सोज प्राप्त छ । फूलपातीका तीन नेपाली फिल्मले गर्दा अघिल्लो हप्ता आएको हलिउडको ठूलो फिल्म 'जोकर २'लाई बिहीबारबाटै उतारिँदैछ । त्यसो त नेपालमा यो फिल्मको व्यापार नाजुक छ ।

गत हप्ताको बिहीबार (घटस्थापना)बाट प्रदर्शनमा आएको 'बेहुली फ्रम मेघौली'ले भने फूलपातीको दिन देशभर ५० हाराहारी सोज 'होल्ड' गर्ने देखिन्छ । फूलपातीको भोलिपल्ट (शुक्रबार) बलिउड अभिनेत्री आलिया भट्ट स्टार र फिल्म 'जिग्रा' रिलिज हुन लागेकाले यसलाई पनि मल्टीप्लेक्सहरुले राम्रो सोज उपलब्ध गराएका छन् । यसपालिको दशैंमा दर्शकलाई आफ्नो रोजाई अनुसारको फिल्म हेर्न पाउने अवसर छ । अब व्यापारमा कुन फिल्मले बाजी मार्छन्, त्यो हेर्न बाँकी छ ।

# बाढीपहिरोले १६ सय खानेपानी आयोजनामा क्षति, २५ लाख मानिस प्रभावित

काठमाडौं/हालै आएको भीषण वर्षापछिको बाढीपहिरोले देशभरिका १६ सयभन्दा बढी खानेपानी आयोजनाहरूमा क्षति पुगेको छ । बाढीपहिरोले अहिलेसम्म करिब ६ अर्ब रुपैयाँ क्षति भएको प्रारम्भिक अनुमान खानेपानी मन्त्रालयले गरेको छ ।

११ र १२ असोजको भीषण वर्षापछि आएको बाढीपहिरोले १ हजार ६ सय १६ आयोजनामा क्षति पुगेको र २५ लाख जनसंख्यालाई प्रत्यक्ष रूपमा असर परेको खानेपानी मन्त्रालयको प्रारम्भिक अनुमान रहेको छ । यस्तै ५८ जिल्लाका ५ लाख घर धुरी प्रभावित भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सीडीई वीरेन्द्र कँडेलका अनुसार काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, उदयपुर, सुनसरी लगायत जिल्लामा धेरै क्षति पुगेको छ । उनका अनुसार सबैभन्दा धेरै क्षति काठमाडौं उपत्यका खानेपानी लिमिटेडको केयूकेएलको १ अर्ब रुपैयाँ रहेको छ । काभ्रेको तेमाल खानेपानी आयोजनामा १० करोड क्षति पुगेको छ ।

मन्त्रालयका अनुसार देशभरका विभिन्न आयोजनाहरूमा इन्टेक, सम्प वेल, पाइपलाइन, पानी ट्यांकी, प्रशोधन प्लान्टमा क्षति पुगेको छ । यस्तै जीआई पाइप, एचडीपीई पाइपहरू बगाएको छ । फोहोर पानी प्रशोधन प्लान्टहरूमा क्षति पुगेको भन्दै मन्त्रालय संरचनामा क्षति पुर्‍याए पनि यकिन विवरण अहिलेसम्म संकलन गर्न सकेको छैन । मन्त्रालयका सीडीई वीरेन्द्र कँडेलले क्षतिको विवरण अहिले प्रारम्भिक रूपमा मात्रै आएको र पूर्ण विवरण आउन अझै बाँकी रहेको बताए ।

'हामीले अहिले जति संकलन भयो, त्यति नै टिपोट गरेका छौं, अझै केही क्षतिका विवरण नआएको हुनसक्छ । विस्तारै आउँछ । खानेपानी आपूर्ति सहज गर्न मन्त्रालयले जतिसक्दो काम गरिरहेको छ,' कँडेलले भने ।

अविरल वर्षाले देशभरिका खानेपानी प्रणालीमा गम्भीर प्रभाव परेको खानेपानी मन्त्री प्रदीप यादवले बताए । बाढीपहिरो गएकै दिन मन्त्रालयमा आकस्मिक बैठक डाकेर प्रणालीको क्षति र पुनर्स्थापनाका रणनीतिमा छलफल गरेर काम गरि रहेको उनले बताए ।

खानेपानी आयोजनाको मर्मत कार्यलाई छिटो सम्पन्न गरेर जनतालाई नियमित पानी आपूर्तिमा कुनै बाधा नपुग्ने सुनिश्चित गर्न, आवश्यक प्राविधिक सहायता र स्रोतसाधन तुरुन्त परिचालन गर्ने निर्देशन दिइसकेको उनले बताए ।

**मेलम्ची आए पनि समस्या**

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) का अनुसार मंगलबारबाट मेलम्चीको पानी वितरण सुरु भएपनि प्रणालीमा अझै समस्या रहेको छ । बाढीले धेरैवटा वितरण केन्द्रको पम्प र पाइपमा क्षति पुर्‍याएको केयूकेएलका प्रवक्ता प्रकाशकुमार राईले बताए ।

'हाम्रो अहिले धेरै ठाउँको प्लान्ट र पम्प बिग्रेको छ । धेरै पम्प डुबानमा परेर बन्द भएका छन्, केही बगाएका पनि छन् । त्यो सबै क्षतिको विवरण संकलन हुँदैछ । कतिपय ठाउँमा हिलो जमेर नदेख्ने अवस्थामा छन्,' राईले भने ।

उनका अनुसार केयूकेएलको मुहान रहेको शिवपुरी वन क्षेत्रको केही स्थानमा पहिरो जाँदा बिग्रेको छ । 'केयूकेएल पूर्ण क्षमतामा चल्न केही समय अझै लाग्ने देखिन्छ,' राई भन्छन् । मकवानपुरको थाहा नगरपालिकामा मात्रै २६ वटा खानेपानी आयोजनामा करिब १ करोड ६३ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दशैंका बेला देशभर ६० हजार प्रहरी परिचालन



काठमाडौं/हिन्दू नेपालीहरुको ठूलो पर्व दशैंलाई सुरक्षित बनाउन प्रहरी प्रधान कार्यालयले देशभर ६० हजार प्रहरी जनशक्ति परिचालन गरेको छ । ७९ हजार ५४१ दरबन्दी रहेको नेपाल प्रहरीमा अहिले करिब ४ हजार दरबन्दी रिक्त छ । जसमध्ये देशभर दशैं सुरक्षाका लागि भनेर ६० हजार प्रहरी परिचालन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी दानबहादुर कार्कीले बताए ।

'अति आवश्यक काम बाहेकका प्रहरी कर्मचारीलाई यो पटक दशैंमा बिदा छाडिएको छैन । सकेसम्म सुरक्षित दशैं बनाउने योजना प्रहरी प्रधान कार्यालयको छ । सोही अनुसार जनशक्ति परिचालन गरेका छौं', उनले भने ।

बाढी पहिरोबाट क्षति भएका जिल्लाहरुमा कार्यरत प्रहरी कर्मचारीलाई राहत, पुनर्स्थापना लगायतको काम बाँकी नै रहेकाले अहिले अति आवश्यक बाहेकहरुलाई बिदा छाडिएको छैन ।

६० हजार प्रहरीमध्ये केही प्रहरी भने सादा पोशाकमा सूचना संकलनका रुपमा खटिएका छन् । उनीहरुले अपराध हुने वा हुनसक्ने स्थानहरुमा खटिएर सूचना संकलनको कामदेखि अपराध भइहालेमा अनुसन्धानको काममा समेत खटिने छन् ।

देशभरका ७७ जिल्लामा परिचालन भएका ६० हजार प्रहरीले जनताको जिउधनको सुरक्षा गर्नुका साथै केही भइहालेमा जतिसक्दो चाँडो घटनास्थल पुग्ने व्यवस्था समेत मिलाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । चाडपर्व लक्षित सुरक्षा व्यवस्था चुस्त पारिएकाले ढुक्क भएर दशैं मनाउने अवस्था रहेको डीआईजी कार्कीको भनाइ छ ।

**उपत्यकामा १० हजार प्रहरी परिचालन**

दशैं सुरक्षा योजना अनुसार नै काठमाडौं उपत्यकाका तीन जिल्लाहरु काठमाडौं, ललितपुर र भक्तपुरमा मात्रै १० हजार प्रहरी परिचालन गरिएको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानिपोखरी मातहत पर्ने यी तीन जिल्लाहरुमा १० हजार जनशक्ति परिचालन गरिएको छ । मान्छेको अत्यधिक चाप र दशैं मनाउन गाउँ जाँदा घर र कोठा रत्तो हुने हुँदा चोरी बढ्न सक्ने भन्दै तीन जिल्लामा थप जनशक्ति परिचालन गरिएको छ ।

काठमाडौंमा मात्रै दशैंमा हुनसक्ने अपराधलाई रोक्न तथा न्यूनीकरण गर्न १४ वटा एरियामा डीएसपीको कमाण्डमा १० जनाको टोली परिचालन गरिएको छ । दुई रुटमा लङ रेन्ज गस्ती, ४२ रुटमा सर्ट रेञ्ज गस्तीको व्यवस्था मिलाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा एसपी प्रवक्ता नवराज अधिकारीले बताए ।

७६ वटा क्युआरटी गस्ती, २४ वटा मोबाइल गस्तीको पनि व्यवस्था गरिएको छ । सूचना संकलनको रुपमा सादा पोशाकको रुपमा ३८ वटा टोली बनाएर परिचालन गरिने प्रहरीले जनाएको छ । सिल एण्ड सर्च र कर्डन सर्चको रुपमा २८ टोली खटाइने छ । २२ ठाउँमा एम्बुसिङ चेकिङ गर्ने प्रहरीको तयारी छ । नाकाहरुमा हरेक दिन अपराध अनुसन्धानमा तालिमप्राप्त कुकुर पनि परिचालन गरिएको छ ।

जिल्ला प्रहरी परिसर ललितपुरले जिल्लाका १८३ स्थानमा एक सिफ्टमा १००८ जना प्रहरी एकसाथ परिचलान गरेर ड्युटीमा खटाएको छ । भक्तपुरले पनि यसैगरी दशैं सुरक्षा योजना बनाएर लागु गरेको छ । काठमाडौं उपत्यकाका तीन जिल्लामा केही घटना भइहालेमा ५ देखि १० मिनेटभित्र प्रहरी पुग्ने व्यवस्था मिलाइएको छ ।

**दशैंमा हुनसक्ने सम्भावित अपराध**

प्रहरीले दशैंका बेला चोरी, डकैती, कुटपिट जुवातास, मदिरा सेवन गरी झैझगडा हुने जस्ता घटना हुने अनुमान गरेको छ ।

शहरी इलाकाहरुमा चोरी बढ्न सक्ने प्रहरीको आँकलन छ । दशैं मनाउन धेरै मानिस घर तथा कोठामा ढोका लगाएर गाउँ फर्कने हुनाले शहरमा चोरी बढ्न सक्ने प्रहरीको अनुमान छ । त्यसैगरी लुटपाट तथा कुटपिट, स्न्याचिङ, डकैतीजस्ता अपराधहरु पनि बढ्न सक्ने आँकलन प्रहरीको छ ।

सवारी दुर्घटना, तस्करी, जुवातास, अवैध मदिरा बिक्री वितरण, मदिरा सेवन गरी झैझगडा, ट्राफिक नियम उल्लंघन, ड्रिंक एन्ड ड्राइभ, हिट एण्ड रन, चिट्ठाको प्रलोभनमा ठगी, कृत्रिम अभाव तथा कालोबजारी, नाका स्टेशनमा बाहिरिनेको चापमा हुने अवैध धन्दा हुन सक्ने भन्दै सोही अनुसार सुरक्षा रणनीति बनाइएको छ ।

त्यस्तै महँगो भाडा असुली, मदिराका कारण हुने अपराध, धार्मिक तथा किनमेल स्थलमा हुने पाकेटमारी र बन्द पसल तथा खाली घरहरुमा हुने चोरीलाई प्रहरीले सम्भावित अपराध मानेको छ । यस्ता प्रकृतिका अपराहरु नियन्त्रण गर्नका लागि देशभर ६० हजार प्रहरी परिचालन गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मेलम्चीको पानी काठमाडौं उपत्यकामा वितरण सुरु

काठमाडौं । काठमाडौं उपत्यकामा मंगलबारदेखि मेलम्चीको पानी वितरण गरिएको छ। खानेपानीमन्त्री प्रदीप यादवले मंगलबार काठमाडौंको सुन्दरीजलमा रहेको मेलम्चीको पानी प्रशोधन केन्द्रबाट उपत्यकाका घरहरुमा पानी वितरण कार्यक्रम सुरूवात गरेका हुन् ।

सुन्दरीजलमा रहेको पानी प्रशोधन केन्द्रबाट मेलम्चीको पानी खोलिएपछि काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का विभिन्न वितरण शाखामा पानी पठाइएको र ती शाखाहरुबाट वितरण सुरु हुने मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक रत्नप्रसाद लामिछानेले बताए । उनले भने, 'मन्त्रीज्यू र मेलम्ची संघर्ष समितिबीच सोमबार राति अबेरसम्म पानी पठाउने विषयमा बसेको वार्ता सफल भएपछि सुन्दरीजलमा पानी पथान्तरण गरेका थियौं। अहिले यहाँबाट केयुकेएलका विभिन्न पानी वितरण शाखामा पठाइएको छ।'

मेलम्चीको पानी काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) मा आइसकेकाले अब काठमाडौं उपत्यकावासीका धारामा पानी वितरण सुरु गरिने काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) प्रमुख कार्यकारी निर्देशक अशोक पौडेलले जानकारी दिए ।

खानेपानीमन्त्री यादव र मेलम्ची संघर्ष समितिबीच सोमबार राति भएको बार्तामा काठमाडौंमा पानी लैजाने विषयमा सहमति भएपछि मंगलबार मेलम्चीको पानी सुन्दरीजलमा ल्याइएको थियो । मन्त्री यादवसहितको टोली वार्ताका लागि सोमबार राति मेलम्ची पुगेको त्यहाँ संघर्ष समितिसँग वार्तापछि बाढी पीडित संघर्ष समितिबाट आन्दोलनका सबै कार्यक्रम हाललाई स्थगन गर्ने र काठमाडौं उपत्यकामा पानी पथान्तरण गर्नको लागि मेलम्ची खानेपानी विकास समितिलाई सहयोग गर्ने सहमति भएको थियो । मेलम्चीबाट दैनिक १७ करोड लिटर पानी आपूर्ति हुने गरेको छ ।

वर्षा सुरु भएसँगै धमिलो आउन थालेपछि गएको असार १० देखि पानी ल्याउन बन्द गरिएको थियो । उपत्यकामा दैनिक ४७ करोड लिटर पानीको माग रहदै आएको छ। मेलम्चीको पानी असार १० गतेदेखि बन्द गरिएपछि काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) ले विभिन्न स्रोतबाट जम्मा गरेर करिब १६ करोड रुपैयाँ लिटर पानी वितरण गर्दै आएको थियो ।

विसं २०७८ असारको बाढीले मेलम्ची मुहान क्षेत्रलाई क्षति गरेपछि काठमाडौं उपत्यकामा निरन्तर पानी वितरण हुन सकेको छैन। काठमाडौंमा बाह्रै महिना पानी ल्याउन मिल्ने गरी अहिले भएको स्थानबाट माथितर्फ सर्कथली क्षेत्रमा आठ सय मिटर दूरीमा इन्टेक सार्ने तयारी रहेको छ। दोस्रो र तेस्रो चरणमा याङ्ग्री र लार्के खोलाबाट थप १७/१७ करोड लिटर पानी ल्याइनेछ। तीन चरण गरेर दैनिक ५१ करोड लिटर पानी काठमाडौं ल्याउने भनिए पनि निर्माणको काम सुरु भएको छैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*


*tonerhouse_htd@yahoo.com*

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# उत्तरीक्षेत्रमा २ वटा 'किङ कोब्रा'को उद्दार

साझाकुरा संवाददाता



हेटौंडा, २२ असोज/ थाहा नगरपालिकाबाट अतिविषालु किङ कोब्रा सर्पको उद्दार गरिएको छ । थाहा नगरपालिका-४, स्थित करुणाभूमि सामुदायिक वनको कुलोभन्ज्याङ क्षेत्रमा २० असोजमा सर्प देखापरेपछि करुणाभूमि सामुदायिक वनका अध्यक्ष बिनोद लामाले डिभिजन बन कार्यालय राप्ती मनहरीमा खबर गरेका थिए ।

डिभिजन वन कार्यालयबाट २१ असोजमा सशस्त्र वनरक्षक कमाण्डर मधुसुदन देवकोटाको नेतृत्वमा आएको टोलीले सर्पको उद्दार गरेका हुन् । उद्दार गरिएको सर्पलाई २१ असोसमा चितवन राष्ट्रिय निकुञ्जमा छोडिएको कमाण्डर देवकोटाले जानकारी दिए । तराईबाट पराल लैजाँदा त्यसमै लुटपुट्टिएर सर्पहरु थाहानगर क्षेत्रमा पुगेको हुनसक्ने देवकोटाको अनुमान छ ।

उनका अनुसार, 'ठूला खानेपानी पाइप र विजुलीको पोलको भित्र बसेका सानो बच्चा ढुवानीका क्रममा पनि पुगेको हुनसक्छ ।' उद्दार गरिएको सर्प बयस्क अवस्थाको भएको देवकोटाले बताए । सर्प उद्दार टिममा विरसिंह बोहरा, हरेराम धमला, ज्ञानकुमार श्रेष्ठलगायत रहेका थिए । यसअघि पनि थाहानगरको कुन्छालबाट १९ असोजमा किङ कोब्रा उद्दार गरी चितवन राष्ट्रिय निकुञ्जमा छोडिएको थियो ।

कुन्छालमा स्थानीय शिवहरि बर्तौलाले किङ कोब्राको उद्दार गरेका थिए । पछिल्लो समय थाहानगरका विभिन्न क्षेत्रमा तपाईमा पाइने विषालु सर्पहरु देखापर्न थालेको करुणाभूमि सामुदायिक वनका अध्यक्ष लामाले बताए । नगरक्षेत्रमा भेटिएका अधिकांश सर्पहरु किङ कोब्रा भएको लामाले सुनाए ।

# दशैं मनाउन भीमफेदी कारागारलाई खसी र खाद्यान्न



साझाकुरा संवाददाता

हेटौंडा, २२ असोज/ मकवानपुरको कैलाश गाउँपालिकाले भीमफेदीमा रहेको क्षेत्रीय कारागारका कैदीबन्दीलाई दसैं मनाउन खसी र खाद्यान्न उपलब्ध गराएको छ ।

गाउँपालिकाले विजया दशमीको उपलक्ष्यमा प्रत्येक वर्षझैं यसवर्ष पनि कारागारमा रहेका कैदीबन्दीका लागि खसी र खाद्यान्न उपलब्ध गराएको हो । गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान, वडा नम्बर १ का वडाध्यक्ष तेजबहादुर ब्लोन, वडा नम्बर ७ का वडाध्यक्ष उदासकुमार भोलन, लेखाअधिकृत नवीन धितालले मंगलबार कारागार पुगेर कैदीबन्दीलाई दसैं मनाउन दुईवटा खसी, ६ बोरा चिउरा र दुई कार्टुन तेल हस्तान्तरण गरेका छन् ।

कैलाश गाउँपालिका घर भएका र कारागारमा कैदीबन्दी जीवन बिताइरहेकासँग दसैंको शुभकामना आदान-प्रदान गरिएको थियो । गाउँपालिका अध्यक्ष मुक्तानले कारागारमा रहे पनि नेपालीको ठुलो पर्व भएकाले दसैंमा खुशी साट्न सकियोस् भनेर शुभकामना आदान-प्रदानसँगै खसी र खाद्यान्न उपलब्ध गराएको बताए । दुईवटा पुरुष ब्लक र एउटा महिला ब्लक रहेको कारागारमा एक हजार ४४ पुरुष, ४८ महिला कैदीबन्दी र एकजना आश्रित नाबालक रहेको कारागार प्रशासनले जानकारी दिएको छ ।

# जलस्रोत मन्त्री खड्का र सांसद बर्तौलाबीच इन्द्रसरोवरको क्षतिबारे छलफल

साझाकुरा संवाददाता



हेटौंडा, २२ असोज/ बागमतीका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्का र मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर-२ का सांसद महेशकुमार बर्तौलाबीच इन्द्रसरोवर गाउँपालिकामा बाढी पहिरोबाट भएको क्षतिको विषयमा छलफल भएको छ ।

सांसद बर्तौलाले मन्त्री खड्कालाई नेपाल विद्युत प्राधिकरणको गम्भीर कमजोरीका कारण तल्लो तटीयक्षेत्रमा ठूलो क्षति हुन पुगेको बताएका छन् । नेकपा एमाले संसदीय दलका मुख्यसचेतक समेत रहेका बर्तौलाले यो क्षेत्रको क्षतिका विषयमा तत्काल छानबीन तथा जाँचबुझ समिति गठन गर्न आग्रह गरेका छन् । बाढीपहिरोबाट भएको क्षति र नोक्सानी प्रति जवाफदेही भइ पीडितलाई आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन, भत्केका भौतिक संरचना पुनर्निर्माणमा भूमिका खेल्न, ड्यामको माथिल्लो र तल्लो तटीयक्षेत्रका जनतालाई मुआब्जा उपलब्ध गराउन समेत बर्तौलाले अनुरोध गरेका छन् ।

त्यसैगरी जोखिम कम गर्नका लागि तटबन्धन निर्माण गर्न, लामो समयदेखि ड्याममा जम्मा भएको माटो ढुंगालगायत फोहोर सफा गर्न समेत ध्यानाकर्षण गराएका छन् । ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री खड्काले छानबीन समिति बनाई आवश्यक कार्य अगाडि बढाउने प्रतिवद्धता जनाएको सांसद बर्तौलाले जानकारी दिए । गत १२ असोज बिहान कुलेखानी ड्यामलाई जोखिम भएको बताउँदै करिब ४-४ मिटर पानीको ढोका खोली निकासी गर्दा इन्द्रसरोबर गाँउपालिकामा ठुलो क्षति भएको थियो ।

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना !

*प्रकाशित मिति २०८१/०६/२२*

निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जिल्ला मकवानपुर हे.उ.म.न.पा. ४ नं. वडा स्थित कित्ता नं. ३३४८ र ३२५९ को जम्मा ०-०-१८ धुर जग्गामा ५ तल्लाको बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए अनुसार यस संघबाट भवनको नक्सा इष्टिमेट, BOQ एनलाईसेस र सुपरभिजन समेत गर्नको लागि मिति २०८१/०४/०८ मा प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र नियमानुसार प्राप्त विभिन्न दरभाउ पत्रहरुमध्ये प्रभावग्राहीहरु मध्येबाट अलग/अलग नेगोसेशन प्रश्चात श्री M/S: S-team Consultancy services, Hetauda-2 को रु.१,९५,४२२.२० (एक लाख पन्चानब्बे हजार चार सय बाईस रुपैया बीस पैसा) मात्रको दरभाउ पत्र सबै भन्दा कम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी भएकोले यो दरभाउपत्र स्विकृत सम्बन्धित आशयको सूचना प्रकाशित गरिएको छ ।

राजेन्द्र प्रसाद चौलागाईं
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

## २५औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको संचालक समितिको निर्णयानुसार २५औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा तपाई शेयरधनी सदस्यज्यूलाई उक्त सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान**
**मिति** : २०८१ साल कार्तिक २४ गते शनिवार
**समय** : विहान १०:०० बजे
**स्थान** : संस्थाको प्राङ्गण था.न.पा. ४ थानाबजार

**छलफलका विषयहरू**
१. २५औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन ।
२. आ.व. २०८०।०८१को लेखा परीक्षण प्रतिवेदनसहितको आर्थिक प्रतिवेदन ।
३. २५औं वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८१।०८२ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्वन्धमा ।
५. आ.व. २०८१।०८२ को लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. संस्था एकिकरण (गाभ्ने), प्राप्ती गर्ने र सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
७. शेयर लाभांश वितरण सम्बन्धमा ।
८. कोषहरु खर्च गर्ने सम्बन्धमा ।
९. साधारण सभाको निर्णय पुस्तिका सदर गर्ने सम्बन्धमा ।
१०. विविध ।

सचिव : नवराज विष्ट
**पालुङ्ग बहुउद्देश्यीय सहकारी सस्ंथा लि.**
पालुङ, मकवानपुर

चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।

☞ मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपभोग नगरौं ।
☞ काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
☞ बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
☞ मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विनोद सुवेदी (अध्यक्ष) एवम्
प्याब्सन मकवानपुर, परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
किसन घिसिङ (सभापति) एवम् शिवहरी दाहाल (नि.सभापति)
नेपाल रेडक्रस सोसाइटी
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ज्ञानोदय बालबाटिका एकेडेमी, परिवार
हेटौंडा-२, संगमचोक

हार्दिक शुभकामना
"विकासको पूर्वाधार, उद्योग र व्यापार"
२०८१ सालको वडा दशैं, तिहार, छठ तथा नेपाल सम्बत्को पावन उपलक्ष्यमा उद्योगी/व्यवसायी, शुभचिन्तक एवम् सम्पूर्णमा सुख, शान्ति, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कृष्ण कुमार गुप्ता (अध्यक्ष) एवम्
मकवानपुर उद्योग वाणिज्य संघ, परिवार

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेन्द्र इटेनी (अध्यक्ष) एवम्
ग्रिण्डलेज बचत तथा ऋण सहकारी संस्था लि, परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयर सदस्य, कार्यसमिति तथा विभिन्न समिति पदाधिकारीहरु, कर्मचारी एवम् सहकारीकर्मी सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बैकुण्ठ बलामी (अध्यक्ष) एवम्
बाबा बचत तथा ऋण सहकारी संस्था लि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
बाल उज्ज्वल मा.वि.,परिवार
हेटौंडा-३, लेवट

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
इश्वर प्रसाद लामिछाने (प्रिन्सिपल) एवम्
जी.एस. निकेतन मा.वि., परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत एवं छठ पर्वको शुभ उपलक्ष्यमा हाम्रा सम्पूर्ण शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, सहयोगी, शुभचिन्तक एवम् सम्पूर्ण देशवासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय, परिवार
हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना